# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२] काठमाडौं, मार्ग १७ गते २०१६ साल [अतिरिक्ताङ्क २५

श्री ५ को सरकार

पञ्चायत मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको जिल्ला पञ्चायत (निर्वाचन) नियमावली, २०१६ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

जिल्ला पञ्चायत (निर्वाचन) को नियम, २०१६

जिल्ला पञ्चायत ऐन, २०१६ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले जिल्ला सभा र जिल्ला पञ्चायतको निर्वाचनको निमित्त देहायको नियमहरू बनाएको छ :—

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम जिल्ला पञ्चायत (निर्वाचन) नियमावली, २०१६ रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. परिभाषा:– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो नियमावलीमा—

(क) "ऐन" भन्नाले जिल्ला पञ्चायत ऐन, २०१६ सम्झनु पर्छ।

(ख) "मतदाता" भन्नाले जिल्ला सभाका सदस्यताको निर्वाचनको सम्बन्धमा गाउँ पञ्चायत वा नगर पञ्चायतका सदस्यहरू र जिल्ला पञ्चायतको सभापति वा उप-सभापति वा अरू सदस्यहरूको निर्वाचनको सम्बन्धमा जिल्ला सभाका सदस्यहरू सम्झनु पर्छ।

(ग) "उम्मेदवार" भन्नाले यो नियमावली अनुसार गाउँ पञ्चायत वा नगर पञ्चायतबाट जिल्ला सभाका सदस्यताको निमित्त र जिल्ला सभाबाट जिल्ला पञ्चायतको सभापति वा उप-सभापति वा अन्य सदस्यहरूको निमित्त दरखास्तपत्र परी खडा भएको व्यक्ति सम्झनु पर्छ।

## परिच्छेद–२

### निर्वाचन अफिसरको नियुक्ति र निर्वाचनको सञ्चालन

३. निर्वाचन अफिसरको नियुक्ति:– (१) प्रत्येक निर्वाचनको लागि कम-से-कम ७ दिन अगावै श्री ५ को सरकारले निर्वाचन अफिसरको नियुक्ति गर्नेछ।

(२) निर्वाचन सम्बन्धी काममा मद्दतको निमित्त निर्वाचन अफिसरले आवश्यकतानुसार रिटर्निङ्ग अफिसर र पोलिङ्ग अफिसर खटाउन सक्ने छ। त्यसरी खटाइएको कुनै अफिसरलाई निर्वाचन अफिसरले आफ्नो सबै वा केही अधिकार सुम्पन सक्ने छ।

४. निर्वाचनको साधारण सूचना:– निर्वाचनको निमित्त जिल्ला पञ्चायतले मिति, स्थान र समयको निर्णय गर्नेछ र त्यस्तो निर्वाचनको सूचना सम्बन्धित मतदाताहरूको जानकारीको लागि नगर पञ्चायतहरूको अफिसको नोटिस बोर्डमा टांसिने छ र गाउँ पञ्चायतहरूका प्रधान पञ्चहरूलाई पठाइने छ।

तर पहिलो निर्वाचनको मिति, समय र स्थान भने सो कामको लागि नियुक्त भएको निर्वाचन अफिसरले गर्नेछ।

५. उम्मेदवारको लागि दरखास्तपत्र दिने:– निर्वाचनमा खडा हुन वा गराउन कुनै पनि मतदाताले नियम ४ बमोजिम सूचना प्रकाश भएका मितिदेखि निर्वाचन अफिसरले तोकेको म्यादभित्र तोकिएको स्थानमा आफैं वा अख्तियार प्राप्त वारेसद्वारा फाराम नं. १ को ढांचा बमोजिमको दरखास्तपत्र निर्वाचन अफिसरलाई बुझाउनु पर्छ।

तर एकै व्यक्ति दुईवटा पदको लागि उम्मेदवार हुनु वा एकै उम्मेदवारको प्रस्तावक तथा समर्थक दुवै हुन वा एउटाको लागि प्रस्तावक वा समर्थक भईसकेपछि अन्य कुनै उम्मेदवारको लागि सोही पदको निमित्त प्रस्तावक वा समर्थक हुन पाउने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. रीतपूर्वकको दरखास्तपत्रदर्ता गर्ने:– नियम ५ बमोजिम पर्न आउने दरखास्तपत्र मतदाताको नामावलीमा परेको छ छैन हेरी लेखिएको रीत पुगेको दरखास्त लिनुपर्छ र लेखिए अनुसार रीत नपुगेकोमा जे जति रीत नपुगेको हो सो बेहोरा सच्याउने मौका दिनु पर्छ। दरखास्तवालाले सच्याउन नचाहेमा त्यस्तो बेहोरा दरखास्त-पत्रमा जनाई राखिने छ। सो दरखास्तवालाले मागेमा निजको दरखास्तपत्र फिर्ता गर्नुपर्छ।

७. दरखास्तपत्रमा जाँच गर्ने:– दरखास्तपत्र दिने म्याद समाप्त भएपछि निर्वाचन अफिसर-ले उम्मेदवार वा निजको वारेस उपस्थित हुन चाहेमा आफ्नो अफिसमा उपस्थित हुने समय तोकी निजहरूको अगाडि निजहरूले पेश गरेको दरखास्तपत्रमा नियम ५ र ६ बमोजिम रीत पुगे नपुगेको हेर्नेछ। सो बमोजिम बाधा पर्ने कुनै कुरा भए सोही बेहोरा खुलाई त्यसको सूचना निर्वाचन अफिसरले आफ्नो अफिसमा टाँस्ने छ।

८. नाम फिर्ता लिने:– (१) प्रस्तावित उम्मेदवारले आफ्नो नाम फिर्ता लिन चाहेमा निर्वाचन अफिसरले तोकेको म्यादभित्र निजलाई लिखित सूचना दिई आफ्नो नाम फिर्ता लिन सक्ने छ र यसरी नाम फिर्ता लिइसकेपछि निजलाई उम्मेदवार मानिने छैन

तर निजहरूको दरखास्तपत्र फिर्ता गरिने छैन।

(२) उप-नियम (१) बमोजिम सूचना दिइसकेपछि सो सूचना फेरि फिर्ता लिन पाइने छैन।

९. उम्मेदवारको नाम प्रकाश गर्ने:– कुनै उम्मेदवारले नियम ८ मुताबिक आफ्नो नाम फिर्ता लिइसकेपछि निर्वाचन अफिसरले कायम हुनआएका उम्मेदवारहरूको फेहरिस्त तयार गरी मतदाताहरूले हेर्न पाउने गरी आफ्नो अफिसमा टाँस्ने छ।

१०. निर्विरोध छानिने:– (१) उम्मेदवार एकजना मात्र भएमा वा उम्मेदवारहरूको संख्या निर्वाचन हुनुपर्ने उम्मेदवार वा उम्मेदवारहरूको संख्याभन्दा बढी नभएमा निर्वाचन-को काम गर्नुपर्ने छैन र निर्वाचन अफिसरले निज वा निजहरू निर्विरोध छानिएको भनी तुरुन्तै घोषणा गर्नुपर्छ।

(२) उप-नियम (१) बमोजिम आवश्यक संख्यामा उम्मेदवारहरू खडा नभएमा निर्वाचन अफिसरले सम्बन्धित जिल्ला सभा, नगर पञ्चायत वा गाउँ पञ्चायतलाई नपुग उम्मेदवारहरूको लागि मात्र निर्वाचन गर्ने सूचना दिई त्यसपछि नयाँ सिल-सिलाबाट निर्वाचन गर्ने प्रबन्ध गर्नुपर्छ।

## परिच्छेद–३

### निर्वाचनको काम

११. मत लिने स्थान, समय निर्धारित गर्ने:– निर्वाचन अफिसरले मत लिने स्थान, मिति र समय ठेगाना गर्नेछ र त्यसको सूचना जिल्ला सभाको निर्वाचनका सम्बन्धमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित गाउँ पञ्चायत वा नगर पञ्चायतका प्रधान पञ्चहरूलाई पठाउने छ र प्रधान पञ्चहरूले त्यसको सूचना आफ्नो गाउँ पञ्चायत वा नगर पञ्चायतका सदस्यहरूलाई दिनुपर्नेछ र त्यसरी दिएको सूचनाको निस्सा निजले राख्नुपर्नेछ र चाहिएको बखतमा पेश गर्नुपर्नेछ।

१२. मत खसाल्ने तरीका:– हरेक निर्वाचन गुप्त मतदानद्वारा हुनेछ र एकजनाको सट्टा अर्को व्यक्तिले मत दिन पाउने छैन।

१३. मतदानपत्र:– (१) निर्वाचन अफिसरले प्रत्येक मतदातालाई फाराम नं २ बमोजिमको उम्मेदवारको नामको फेहरिस्तसमेत भएको मतदानपत्र दिनेछ।

(२) मतदानपत्रमा उम्मेदवारको नाम उल्लेख गर्दा वर्णानुक्रमले राखिने छ।

१४. मत लिने स्थानमा प्रवेश:– मत लिने स्थानमा भीड वा गोलमाल हुन नपाउने गरी निर्वाचन अफिसरले मतदाता बाहेक अरू व्यक्तिलाई प्रवेश गर्न नदिन सक्ने छ।

१५. मत दिने तरीका:– (१) प्रत्येक मतदाताले मतदानपत्र लिंदा त्यसको भरपाई गरी दिनु पर्छ।

(२) मतदानपत्र पाएपछि, मतदाता तुरुन्तै मतदिने ठाउँमा जानुपर्छ र आफ्नो मतदानपत्रमा आफूले रोज्नुपर्ने आवश्यक उम्मेदवार वा उम्मेदवारहरू–जतिको नामको अगाडि रेजा चिह्न (√) दिई सो मतदानपत्र निर्वाचन अफिसर वा निजले तोकेको व्यक्तिलाई दिनुपर्छ।

(३) मतदानपत्र दिनेवित्तिकै सो ठाउँबाट बाहिर आउनुपर्छ सो रेजा चिह्न चढाई मत दिन लाग्ने समयभन्दा बढ्ता कुनै मतदाता पनि सो ठाउँमा बस्नु हुँदैन।

१६. अन्धा वा अशक्त मतदाताले मत दिने:– (१) कुनै अन्धा वा अशक्त मतदाताले आफैं मतदानपत्र दिन नसक्ने भएमा निजले आफूसंग पत्यार लायक अरू कुनै व्यक्तिलाई समेत साथ लैजान्छु भनेमा एकैसाथ प्रवेश गर्नु दिनु हुन्छ।

तर पोलिङ्ग अफिसरले आवश्यक देखेमा त्यस्तो साथमा लगेको व्यक्तिलाई प्रवेश गर्न नदिन सक्तछ।

## परिच्छेद–४

### मत गन्ती

१७. मत गन्ती गर्ने:– (१) मत लिने काम सकिएपछि निर्वाचन अफिसरले सोही दिन तथा यथासम्भव तुरुन्तै मत गन्ती गर्नुपर्नेछ।

१८. उपस्थित हुन पाउने व्यक्तिहरू:– (१) मत गन्ती गर्ने ठाउँमा निर्वाचन अफिसरले आफूलाई मद्दत गर्न खटाएको व्यक्तिहरू, खटिएका सरकारी कर्मचारीहरू, उम्मेद-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वार र निजको एकजना वारिस बस्न पाउने छन्। सोदेखि बाहेक अरू व्यक्तिलाई बस्न दिनु हुँदैन।

(२) निर्वाचन अफिसरले मत गन्ती गर्ने काममा कुनै उम्मेदवारकोतर्फबाट निर्वाचन सम्बन्धी कुनै काम गर्ने व्यक्तिको मद्दत लिनु हुँदैन।

(३) मत गन्ती गर्ने काममा बाधा दिने व्यक्तिलाई दरकार परे पुलिसको समेत मद्दत लिई निर्वाचन अफिसरले सो व्यक्तिलाई मत गन्तीगर्ने ठाउँबाट बाहिर निकाल्न सक्ने छ।

१९. मतदानपत्र बदर हुने:– देहायका अवस्थामा मतदानपत्र बदर हुनेछ:—

(क) आवश्यकभन्दा बढी नाउँ वा नाउँहरूका अगाडि चिह्न लगाएको मतदानपत्र,

(ख) दुई नामको बीचमा लगाएको मतदानपत्र,

(ग) कुनै पनि नाममा चिह्न नलगाएको मतदानपत्र,

(घ) आफ्नो नाम वा अरू अनावश्यक कुरा लेखिएको मतदान पत्र।

२०. मत बराबर भएमा गर्ने:– कुनै उम्मेदवारले बहुमत प्राप्त गर्न नसकी दुई वा दुईभन्दा बढी उम्मेदवारहरूले बराबर मत प्राप्त गरेमा निर्वाचन अफिसरले गोला प्रथाद्वारा निर्णय गर्नेछ।

२१. निर्वाचनको परिणाम घोषणा गर्ने:– (१) मत गन्ती गरिसकेपछि निर्वाचन अफिसरले हरेक उम्मेदवारले पाएको मतदानपत्रको कूल संख्या चढाई परिणाम तालिका तयार गर्नुपर्दछ।

(२) उप-नियम (१) बमोजिम तयार गरिएको परिणाम तालिकाद्वारा नै निर्वाचन अफिसरले सबभन्दा बढ्ता मत पाउने फलाना उम्मेदवार निर्वाचित भयो भनी घोषणा गर्नुपर्दछ।

तर जिल्ला पञ्चायतको सभापति वा उप-सभापति को हकमा परिणाम तालिकामा पचास प्रतिशतभन्दा बढी मत प्राप्त नभएमा कुनै उम्मेदवारलाई सभापति वा उप–सभापति निर्वाचित भयो भनी घोषणा गर्नु हुंदैन। कुनै उम्मेदवारले पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा परिणाम तालिकाका सबैभन्दा बढी मत प्राप्त गर्ने क्रमानुसार प्रथम र दोस्रोलाई कायम राखी अरूलाई उम्मेदवारको फिहरिस्तबाट हटाई केवल पहिलो र दोस्रोलाई उम्मेदवार कायम गरी पुनः मतदान गराई खसालिएको मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्नेलाई विजयी घोषित गर्नुपर्छ।

(३) परिणामको घोषणा गरेपछि परिणाम तालिकाको एक एक प्रति लिन चाहने उम्मेदवार वा निजको वारेसलाई दिनुपर्दछ र श्री ५ को सरकारको सम्बन्धित विभागमा एक प्रति तुरुन्तै पठाउनुपर्दछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. निर्वाचन सम्बन्धी कागजातः– (१) निर्वाचन सम्बन्धमा प्रयोग भएका कागजहरूमध्ये निर्वाचन अफिसरको जिम्मामा रहेको सदर वा बदर गरिएका मतदानपत्रको बन्दीखाम तथा मतदाताले पाएको मतदानपत्र जनाएको बन्दीखाम ट्राइबुनलको आदेश बिना खोल्न र सोभित्रको कागज कसैले हेर्न हुँदैन ।

(२) निर्वाचन सम्बन्धी अरू कागजपत्रहरू जिल्ला पञ्चायतले तोकेको दस्तूर तिरी हेर्न वा लिन सक्नेछ ।

(३) उप–नियम (१) मा उल्लिखित बन्दी खामहरू तथा अरू सम्बन्धित कागजपत्रहरू १ वर्षसम्म सुरक्षित राख्नु पर्छ ।

## परिच्छेद–५

### निर्वाचन सम्बन्धी झगडा

२३. उजूर गर्न पाउने अवधिः– नियम २१ अनुसार निर्वाचनको परिणाम घोषणा भइसकेपछि परिणाम भएको मितिले ३० तीस दिनभित्र उजूरवालाले फाराम नम्बर ३ बमोजिमको उजूरीपत्र स्थानीय बडाहाकिम वा निर्वाचन अफिसर छेउ पेश गर्नुपर्दछ ।

२४. उजूरवालाले एक रुपैयां राख्नेः– हरेक उजूरवालाले उजूरीपत्र पेश गर्दा स्थानीय बडाहाकिम वा निर्वाचन अफिसरकहां वा निजले तोकेको अड्डामा ने.रू. एक रुपैयांको टिकट राखी उजूरीपत्रसाथ पेश गर्नुपर्दछ ।

२५. उजूरवालाले दावी गर्न पाउने कुराहरूः– यस नियमावली बमोजिम गर्नुपर्ने केही काम नगरी वा गर्न नहुने केही काम गरी अथवा अनधिकृत वा अयोग्य व्यक्तिले केही काम गरी त्यसबाट उजूरवालालाई केही वास्तविक क्षति सहनुपर्ने भयो भन्ने लागेमा निजले आफूलाई क्षति सहनु पर्ने कुरा र कारण उल्लेख गरी देहाय बमोजिम दावी गर्न सक्दछ ।

(क) कुनै निर्वाचित उम्मेदवारको निर्वाचन रद्दी वा गैर कानूनी ठहर्छ भनी, वा,

(ख) निर्वाचित उम्मेदबारको निर्वाचन रद्द वा गैरकानूनी ठहर्छ र निज उजूरवाला वा अरू कुनै उम्मेदवार उचित तवरले निर्वाचित भएको हो भनी, वा

(ग) निर्वाचित उम्मेदवारको निर्वाचन रद्द वा गैरकानूनी ठहर्छ र सो निर्वाचनमा गैरकानूनी काम गर्ने व्यक्तिलाई उचित दण्ड होस् भनी ।

२६. उजूरीपत्र खारेज हुने अवस्थाः– उजूरीपत्रमा पुऱ्याउनुपर्ने रीत नपुऱ्याइएको तथा म्यादभित्र नदिइएको र एक रुपैयाँ वा ने.रू. १। को टिकट नराखेको उजूरीपत्रमा कुनै कारवाइ हुनेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर उजूरीपत्र खारेज हुनु अगावै तत्कालै पुऱ्याउनुपर्ने रीत पुऱ्याउनु सकिने अवस्था भए सो रीत पुऱ्याउन मौका दिनुपर्दछ।

२७. ट्राइबुनल गठन हुनु अगाडि उजूरीपत्रहरू फिर्ता लिने:– (१) उजूरवालाले आपनो उजूरीपत्र फिर्ता लिन चाहेमा सो उजूरीपत्रउपर कारवाइ गर्ने ट्राइबुनल गठन नहुँदै स्थानीय बडाहाकिम वा निर्वाचन अफिसरछेउ दरखास्त दिई फिर्ता लिन सक्नेछ।

(२) ट्राइबुनल गठन भैसकेपछि उजूरीपत्र फिर्ता लिनुपरेमा ट्राइबुनलमा दरखास्त दिई ट्राइबुनलको इजाजत लिएर मात्र फिर्ता लिन सकिनेछ।

२८. ट्राइबुनलको गठन:– (१) यस नियमावली बमोजिम पर्न आएका उजूरीपत्रको जांचबुझ गरी निर्णय गर्नको निमित्त श्री ५ को सरकारले आवश्यकतानुसार एक वा तीनजनाको ट्राइबुनल गठन गर्नेछ।

(२) कुनै उजूरीपत्रको जांचबुझ भैरहेको समयमा ट्राइबुनलको कुनै सदस्य कुनै कारणले आपनो काम गर्न नसक्ने भएमा श्री ५ को सरकारले उप-नियम (१) बमोजिम अर्को सदस्य मनोनीत गर्नेछ।

२९. ट्राइबुनलको कार्यविधि:– ऐन तथा यस नियमावलीको अधीनमा रही निर्वाचन विषयका उजूरीपत्रहरू किनारा लगाउँदा ट्राइबुनलले इलाका अदालतलाई भएको अधिकारहरू प्रयोग गर्न पाउने छ।

तर––

(क) ट्राइबुनलमा परेको झगडामा झगडिया झिकाउँदा बाटोको म्याद बाहेक १५ दिनसम्म र साक्षी झिकाउँदा बाटोको म्याद बाहेक सात दिनसम्मको म्याद हुनेछ।

(ख) यस्तो ट्राइबुनलमा परेको मुद्दामा आवश्यक कारण परी अर्जी गर्नुपरेमा पन्ध्र दिनसम्मको र तोकिएको म्याद तारेख गुज्री थमाउनपरेमा थमाउनलाई गुज्रेको मितिले पन्ध्र दिनभित्र थमाइसक्नुपर्नेछ।

३०. मतदानको गोप्यता भङ्ग गर्न नहुने:– कुनै पनि साक्षी वा अरू व्यक्तिलाई निर्वाचनमा निजले कस कसलाई मत दिएको हो भनी सोध्नु हुँदैन।

३१. विशेष सुविधा:– ट्राइबुनलले सोधेको वा ट्राइबुनलको कार्यवाहीमा सोधिएको प्रश्नमा कुनै साक्षीले दिएको उत्तरलाई निजको विरुद्ध चलेको कुनै फौज्दारी वा देवानी मुद्दामा प्रमाणको रूपमा पेश गर्न पाइने छैन।

३२. ट्राइबुनलबाट उजूरीपत्र फिर्ता लिने:– (१) ट्राइबुनलबाट उजूरीपत्र फिर्ता लिनुपरेमा ट्राइबुनलमा दरखास्त पेश गर्नुपर्नेछ। एकभन्दा बढी उजूरवाला भएमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उजूरवालाहरूको मञ्जूरी विना उजूरीपत्र फिर्ता लिन दरखास्त पेश गर्न सकिने छैन।

(२) ट्राइबुनलको रायमा कुनै उजूरवालाले कुनै उचित किसिमका लाभको लागि उजूरीपत्र फिर्ता लिन दरखास्त दिएको रहेछ भन्ने लागेमा सो उजूरीपत्र फिर्ता लिने इजाजत दिइने छैन।

(३) उजूरीपत्र फिर्ता लिने इजाजत दिएमा ट्राइबुनलले मनासिव ठह्न्याए-जति विपक्षीहरूलाई हुन गएको खर्च वा त्यसको केही अंश निजहरूलाई दिने गरी उजूरवालालाई आदेश दिन सक्ने छ।

(४) उप-नियम (३) बमोजिम उजूरीपत्र फिर्ता लिन इजाजत दिएमा ट्राइ-बुनलले श्री ५ को सरकारको सम्बन्धित विभागमा सूचना दिनुपर्दछ।

३३. उजूरवालासंग धरौटी लिनेः– कुनै उजूरीपत्रको जांच बुझको सम्बन्धमा धरौट लिनै आवश्यक देखिएमा ट्राइबुनलले उजूरवालासंग मनासिव माफिकको धरौट लिन सक्ने छ। धरौट मागिएका ७ दिनमा उजूरवालाले बुझाउनु नसकेमा ट्राइबुनलले सो उजूरीपत्र खारेज गर्न सक्ने छ।

३४. उजूरवाला वा विपक्षीको मृत्यु भएमा गर्नेः– उजूरवाला वा विपक्षीको मृत्यु भएमा उजूरीपत्र खारेज गर्न सकिने छ।

तर त्यसरी मृत्यु भएमा पनि निजको मुद्दा हेरिने छ।

३५. ट्राइबुनलको निर्णयः– कुनै उजूरीपत्रको जांच बुझ समाप्त भएपछि सो ट्राइबुनलले फैसला गरी देहाय बमोजिमको आदेश दिने छः––

(क) उजूरीपत्र डिसमिस गरी, वा

(ख) निर्वाचित उम्मेदवारको निर्वाचन गैरकानूनी तरीकाले भयो भनी सो निर्वाचन रद्दी गरी, वा

(ग) निर्वाचित उम्मेदवारको निर्वाचन गैरकानूनी तरीकाले भयो र उजूर-वाला वा अरु कुनै उम्मेदवार उचित तवरले निर्वाचन भएको हो भनी।

३६. निर्वाचन गैर कानूनी हुने अवस्थाः– कुनै निर्वाचनमा देहायको कुनै कुरा भएको ट्राइबुनलले ठहराएमा सो निर्वाचन गैरकानूनी हुनेछः––

(क) निर्वाचनमा व्यापक रूपमा घूसखोरी वा अनुचित प्रभाव आदि भ्रष्टाचार हुनगई सो निर्वाचन स्वतन्त्र भएन,

(ख) कुनै जाति वा धर्ममाथि कुनै जाति वा वर्गले कुनै तरीकाबाट मत दिन वा नदिन करकाप गरेको वा डर धाक देखाएको वा धम्की दिएकोले सो निर्वाचन स्वतन्त्र भएन,

(ग) सदर गर्न नहुने कुनै दरखास्तपत्र सदर गरिदिनाले वा बदर गर्नुपर्ने बदर गरी नदिनाले सो निर्वाचनको नतीजा वास्तवमा फरक पऱ्यो भनी।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३७. ट्राइबुनलको आदेशः– ट्राइबुनलले उजूरीपत्र वा जांच बुझको खर्चको अंक तोकी सो कसले कसलाई तिर्ने हो भनी ठेगाना गरी सो बमोजिम तिर्ने आदेश सम्बन्धित व्यक्तिलाई दिन सक्ने छ ।

३८. फैसलाको प्रतिलिपि पठाउनेः– कुनै उजूरीपत्र उपर निर्णय गरेपछि ट्राइबुनलले आफ्नो आदेश वा फैसलाको प्रतिलिपि श्री ५ को सरकारको सम्बन्धित विभागमा पठाउनु पर्छ ।

३९. जांच बुझ को खर्च भराउनेः– नियम अनुसार दिइएको आदेश बमोजिम तिर्नुपर्नेले तिर्नुपर्ने रकम तिरी नसकेको भए त्यस्तो रकम पाउनुपर्नेले सो आदेश भएको ३ महीनाभित्र सो भराइपाऊँ भनी जिल्ला पञ्चायतमा दरखास्त दिएमा सो पञ्चायतले यो परिच्छेद अनुसार राखिएको धरौटमध्येबाट जति पुग्छ त्यति निजलाई दिनुपर्दछ ।

## परिच्छेद–६

### विविध

४०. सहयोग दिनेः– निर्वाचनको लागि कर्मचारीको आवश्यकता पर्न आएमा निर्वाचन अफिसरले सरकारी अड्डालाई अनुरोध गर्नुपर्दछ र त्यस्तो मांग भै आएमा आवश्यकतानुसारको सरकारी कर्मचारी खटाई पठाई मद्दत गर्नु स्थानीय सबै सरकारी अड्डाखानाका प्रमुखहरूले सहयोग दिनै पर्छ ।

४१. दण्ड जरिवानाः– (१) निम्नलिखित कुनै कुरा भएमा निर्वाचन अफिसरको तजबीजले बढीमा ने.रू. १००। एक सय रुपैयाँसम्म जरिवाना हुनेछ ।

(क) ऐन बमोजिम जिल्ला सभा वा जिल्ला पञ्चायतको सदस्य हुन अयोग्य भएका व्यक्तिले कुनै कुरा जानी जानी छिपाई वा छिपाउन खोजेको कुनै रूपबाट देखिन आएमा,

(ख) कुनै मतदाताहरूको नामको फिहरिस्त वा अरू कुनै कागजमा लेखिएको कुनै वा सबै अदल बदल गरेमा,

(ग) यस नियमावली बमोजिम प्रकाशित सूचना च्याते, बिगारे वा उपकाएमा,

(घ) निर्वाचनको काम निमित्त कुनै काम नगर्नु भनी निर्वाचन अफिसर वा पोलिङ्ग अफिसरले सूचना गरेकोमा त्यसको अवहेलना गरेमा,

(ङ) निर्वाचनमा बाधा दिएमा वा निर्वाचनमा खटिएका कर्मचारीहरूलाई आफ्नो कर्तव्य पालनमा बाधा पार्ने सक्ने कुनै काम गरेमा ।

(२) निम्नलिखित कुनै काम कुरा गरेमा ट्राइबुनलले बढीमा ने. रू. १०० एक सय रुपैयाँसम्म जरिवाना गर्न गर्न सक्नेछ ।

(क) निर्वाचनमा खटिएका कर्मचारीले बिना इजाजत कसैले कसैलाई मत दियो वा कति मत पायो भनी अधिकृत व्यक्ति बाहेक अरूलाई थाहा दिएमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रत्यक्ष वा अप्रत्यक्ष तवरबाट कुनै मतदातालाई हानि नोक्सानी गर्ने वा नोकरी सम्बन्धी लालचा दिई वा घूस रिसवत दिई वा कर बलले कुनै उम्मेदवारको पक्षमा मत दिन लगाएमा वा कुनै उम्मेदवारका पक्षमा मत दिनबाट रोक्का गरेमा वा त्यस किसिमको काम गर्न उद्योग गरेमा,

(ग) यस नियमावलीले निषेध गरेको अन्य कुनै काम कुरा गरेमा ।

४२. अपील:- (१) नियम ४४ बमोजिम निर्वाचित अफिसरले वा ट्राइबुनलले दिएको आदेश वा फैसला उपर चित्त नबुझनेले सो आदेश वा फैसला भएको मितिले बाटाको म्याद बाहेक ३० तीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा अपील दिन सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम म्यादभित्र अपील नपरेमा अपील लाग्ने म्याद भुक्तान भएपछि निर्वाचन अफिसर वा ट्राइबुनलको फैसला वा आदेश र अपील परेमा जिल्ला अदालतबाट भएको फैसला वा आदेश अन्तिम हुनेछ ।

(३) उप-नियम (१) बमोजिम ट्राइबुनलले दिएको फैसला वा आदेश उपर अपील गर्न चाहने व्यक्तिले ने.रु. १००। एक सय तोकिएको अड्डामा धरौट दाखिल गर्नुपर्छ ।

४३. ट्राइबुनल बाहेक अरू अदालतले हेर्न नहुने:- यस नियमावलीमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक निर्वाचन सम्बन्धमा उठेको झगडा हेर्ने र निर्वाचन सम्बन्धी अन्य काम कुराको निर्णय गर्ने अधिकार ट्राइबुनललाई मात्र हुनेछ ।

## फाराम नं. १

(नियम ५ संग सम्बन्धित)

### दरखास्तपत्र

(प्रस्तावकले भर्नुपर्ने)

........................ जिल्ला सभाका सदस्य ( जिल्ला पञ्चायतको सभापति) उप-सभापति सदस्य पदको लागि एक जना उम्मेदवारको रूपमा यस गाउँ पञ्चायत (नगर पञ्चायत) जिल्ला सभाका सदस्य श्री ........................................ को नाम प्रस्तावित गर्दछु ।

(उम्मेदवारको नाम)

१. प्रस्तावकको

नाम ........................

ठेगाना ........................

२. उम्मेदवारको

पूरा नाम ........................

ठेगाना ..............................

मिति ........................

प्रस्तावकको सही,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(समर्थकले भर्नुपर्ने)

श्री ……………………………… ले ……………… पदको लागि श्री ………………

(प्रस्तावकको नाम)

……………………………… को नाम प्रस्तावित गर्नुभएकोमा म समर्थन गर्दछु।

(उम्मेदवारको नाम)

समर्थकको सही,

मिति ……………

---

(उम्मेदवारले भर्नुपर्ने)

……………………………… पदको निर्वाचनको लागि मेरो नाम प्रस्तावित भई समर्थन भएकोमा सो निर्वाचनको उम्मेदवार भई खडा हुन मेरो मञ्जूर छ।

उम्मेदवारको सही,

## फाराम नं. २

(नियम १४ संग सम्बन्धित)

**मतदान–पत्र**

……………………………… जिल्ला सभा। जिल्ला पञ्चायतको ……… पदको लागि

उम्मेदवार भएका व्यक्तिहरू

☐ …………

☐ …………

☐ …………

कृपया पछाडि लेखिएको कुराहरू हेर्नु होला।

निर्वाचन अफिसरको सही,

---

पछाडि पट्टि।

१. उम्मेदवारको नाम वर्णानुक्रमले रहेको छ।

२. निर्वाचन अफिसरको दस्तखत भए नभएको हेर्नु होला निजको दस्तखत नभएको मतदानपत्र बदर हुनेछ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. आफूले रोजेको उम्मेदवार वा उम्मेदवारहरूको नाम अगाडि रहेको कोठा । √ । मा यस्तो प्रकारको रेजा ( √ ) चिह्न दिन पर्छ जस्तै । √ ।

४. उम्मेदवारहरूमध्ये आवश्यक संख्याभन्दा बढी उम्मेदवारहरूको नामको अगाडि रेजा चिह्न नराख्नु होला । बढी उम्मेदवारहरूको नाउका अगाडि चिह्न रहेमा मतदानपत्र बदर हुनेछ ।

५. यस मतदान पत्रमा आफैंले लगाउनुपर्ने रेजा चिह्न बाहेक आफ्नो नाम वा दस्तखत वा अन्य कुनै कुरा पनि नलेख्नु होला ।

६. यो मतदान पत्र च्यातिएमा वा फोहोर भएमा अर्को मतदानपत्र लिन सकिन्छ ।

## फाराम नं. ३

### उजूरी–पत्र

(नियम २५ संग सम्बन्धित)

१. जिल्ला सभाको नाम ... ... ... ... ... ... ... ... ...

२. उजूर गरिएको व्यक्तिको नाम र ठेगाना ... ... ...

३. उजूर गरिएको व्यक्तिको नामावलीको क्रमसंख्या ... ... ... ...

४. उजूर गरिएको व्यक्तिको बाबु,।पतिको नाम .. ... ... ...

५. उजूर गरिएको व्यक्तिको उमेर ... ... ... ... ... ...

६. दरखास्तवालाको नाम ... ... ... ...

७. दरखास्तवालाको नामावलीको क्रमसंख्या ... ... ... ... ...

८. उजूर गर्नाको कारण ... ... ... ... ... ... ... ... ... ...

(क) ... ... ... ... ... ... ... ...

(ख) ... ... ... ... ... ... ... ... ... ... ...

(ग) ... ... ... ... .. ... ... ... ... ... ... ...

(घ) ... ... ... ... ... ... ... ... ... ... ... ...

मैले माथि साँचो बेहोरा लेखेको छु र झुट्ठा ठहरे नेपाल कानून बमोजिम सहने छु । त्यसकारण उजूर गरिएको व्यक्तिको निर्वाचन बदर गरिपाऊँ ।

दरखास्तवालाको सही ... ... ... ... ..

ठेगाना .... ... ... ... ... ... ...

मिति ... ... ... ... .... .. ... ..

यो उजरीपत्र मेरो तर्फबाट पेश गर्न श्री ... ... ... ... ... ... ... ... लाई आफ्नो वारेस

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(वारिसको नाम)

मुकरर गरेको छु ।

दरखास्तवालाको सही ... ... .... .... ..

ठेगाना... ... .... .... .... ...

मिति ... ... ... ... ... ... ... ...

नोटः– वारिसद्वारा पेश गर्नुपरेमा माथिको सट्टा तल्लो प्रकरणमा लेखिए बमोजिम सहिछाप गर्ने ।

## भरपाई

(निर्वाचन अफिसरले भर्नुपर्न)

दरखास्तपत्रको सिलसिलेवार नम्बर ... ... ... ...

... ... ... .... ... ... .... .... .... .... .... .... जिल्ला सभाको सदस्य, (जिल्ला पञ्चायतको सभापति, उप-सभापति) सदस्य पदको लागि उम्मेदबार भै श्री ... ... ... .... .... .... .... ... ... ... ...

(उम्मेदवारको नाम)

को दरखास्तपत्र म कहाँ ... .... .... ..... .... .... .... गते .... ..... .... ..... .... .....बजे दाखिल भयो । दरखास्तपत्रको जाँच बुझ ... ... ... ... ... ... गते ... ... ... ... ... .. मा बजे हुनेछ ।

(स्थान)

मिति ... ... ... ... .

निर्वाचन अफिसरको सही

आज्ञाले–

कुलशेखर शर्मा

श्री ५ को सरकारको सचिव,

पञ्चायत मन्त्रालय ।

गोरखापत्र छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।